माघ २०७२ (January 2016)

नेपाल
# मत्स्य समाचार संवाहिका
Nepal Fisheries Society
NEWSLETTER
(A contribution of Nepal Fisheries Society)

मत्स्य समाचार संवाहिका Nepal Fisheries Society

**संपादक दल**

डा. माधव कुमार श्रेष्ठ
रमानन्द मिश्र
सुरेश कुमार वाग्ले
अग्नि नेपाल
नीता प्रधान
प्रवेश सिंह कुँवर

**पृष्ठ निर्माण र डिजाईन**

नीता प्रधान

**प्रकाशक**

नेपाल फिसरिज सोसाईटी

**यस अंकमा**

- पन्गासियस माछाको भुरा उत्पादन
- मध्यपश्चिम विकास क्षेत्रमा मत्स्य अनुसन्धान
- भुकम्प प्रभावित क्षेत्रमा खटिए मत्स्य प्राविधिक
- मत्स्य विकास कार्यक्रम
- सेवानिबृत कर्मचारी
- मत्स्य ह्याचरी छनौट
- ईन्दिरा भुसाल स्मृति पुरस्कार
- प्रथम राष्ट्रिय सम्मेलन तथा दोश्रो राष्ट्रिय मत्स्य महोत्सव
- मत्स्य सम्मेलन तथा महोत्सवका आकर्षणहरु
- नेपाल फिसरिज सोसाईटिमा नयाँ नेतृत्व
- मालुङ्गे सहर माछा भुरा प्रथम पटक काली गण्डकी नदीमा छोडियो ।
- व्यक्ति एवं व्यक्तित्व परिचय
- कृषि तथा वन विज्ञान विश्वविद्यालयको मुख्य मत्स्य कार्यक्रमहरु
- मत्स्य स्वास्थ्य घुम्ती शिविर
- सफलताको कथा

## पन्गासियस माछाको भुरा उत्पादनमा सफलता




मत्स्य अनुसन्धान महाशाखा, गोदावरी र क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहराले नर्सरी पोखरीमा प्राकृतिक आहारको व्यवस्थापन र दानाको मिश्रण तयार गरी पन्गासियस माछाको भुरा उत्पादन प्रविधि विकासमा उल्लेख्य सफलता प्राप्त गरेका छन् । पन्गासियस माछाको जिरा अवस्थाबाट भुरा अवस्थासम्म २५ देखि ३० प्रतिशतसम्म बाच्ने दर र ०.५ ग्रा. प्रति दिनको बृद्धिदर सहित ४५ दिनको भुरा हुर्काउने अवधिमा माछाको औसत तौल २५ ग्रा. पुग्ने प्रारम्भिक नतिजा रहेको छ । क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरामा उत्पादन गरिएको पन्गासियस माछाको भुराहरु झापा, मोरङ्ग र सुनसरीका मत्स्य पालक कृषकहरुलाई र खाने माछा उत्पादन अध्ययनको लागि बाह्य अनुसन्धान स्थलहरुमा वितरण गरिएको छ ।

## मध्यपश्चिम विकास क्षेत्रमा मत्स्य अनुसन्धान

मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रहरुमा रहेका ताल तलैया, घोल, पोखरीहरुमा स्थानीय हावापानी सुहाउँदो उपयुक्त मत्स्य पालन प्रविधिहरुको विकास गरी माछाको उत्पादकत्व तथा उत्पादन बढाउने उद्देश्य लिएर नेपाल कृषि अनुसन्धान परिषद्ले खजुरा, बाँके स्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्र अन्तर्गत मत्स्य अनुसन्धान इकाई स्थापना गरेको छ । यी क्षेत्रहरुको मत्स्य पालन प्रविधिमा सुधार गर्न आवश्यक पर्ने अनुसन्धान संचालन गर्न ६ वटा माउ, ८ वटा नर्सरी र १८ वटा अनुसन्धान पोखरी गरि ३२ वटा पोखरी निर्माण गरिएको छ भने गुणस्तरीय भुरा उत्पादनको लागि कार्प मत्स्य ह्याचरी निर्माणाधीन रहेको छ । हाल यस इकाईले घोलहरुको उत्पादकत्व, माछा भुराको बाँच्ने दरमा सुधार तथा छडी माछा उत्पादन प्रविधि विकास सम्बन्धि अनुसन्धान कार्यक्रम संचालनको शुरुवात गरेका छ । भविष्यमा प्रयोगशाला, दाना तथा पोषण, मत्स्य प्रशोधन तथा तालिमको लागि आवश्यक पर्ने पूर्वाधारहरुको विकास गर्दै र आवश्यक जनशक्तिको व्यवस्थापन गरि मत्स्य उत्पादनको बृहत संभावना बोकेको न्यानो पानीको क्षेत्रहरुमा गहन अनुसन्धान गरि नविनतम र उत्पादकत्व निर्वाह र अनुसन्धान संजालको नेतृत्व वगर्न यस इकाईलाई राष्ट्रिय स्तरको न्यानो पानी मत्स्य अनुसन्धान कार्यक्रमको रुपमा विस्तार गर्ने योजना रहेको बताइएको छ ।



## भुकम्प प्रभावित क्षेत्रमा खटिए मत्स्य प्राविधिक

२०७२ साल बैशाख १२ गते र तत्पश्चातका पराकम्पहरुबाट भएको क्षतीको बिवरण संकलन तथा राहत वितरण कार्यका लागि सामान्य प्रशासन मन्त्रालयद्वारा मत्स्य बिकास अधिकृतहरुलाई पनि खटाईएको थियो । मत्स्य बिकास निर्देशनालयका मत्स्य बिकास अधिकृतहरु श्री प्रबेश सिंह कुँवरलाई मकवानपुर जिल्लाको टिष्टुङ्ग गा.बि.स., श्री पर्वत राज भट्टराईलाई मार्खु गा.बि.स. र बिष्णु सिलवाललाई बज्रबाराहि नगर पालिकामा संयोजकको जिम्मेवारी दिईएको थियो । यसै गरीकन मत्स्य अनुसन्धान केन्द्रका श्री गोपाल प्रसाद लम्सालआई नुवाकोट जिल्लाको सैनिक क्याम्प मैथलीमा, श्री हरेराम मनकामना गा.वि.स.मा, श्री मुरली प्रसाद थपलिया ध्याङ्गफेदी गा.वि.स.मा तथा श्री महेश कुमार कर्ण किङ्गताङ्ग गा.वि.स.मा, प्रज्ञा लामा कुमरी गा.वि.स.मा र जगत बहादुर बालकुमारी गा.वि.स.मा भुकम्पको क्षतीको विवरण संकलन तथा राहत वितरणको लागि खटाईएको थियो । उहाँहरु सबैले आ-आफ्नो क्षेत्रमा दिईएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा नेपाल मत्स्य समाज हार्दिक बधाई तथा धन्यबाद दिन चाहन्छ ।

## मत्स्य विकास कार्यक्रमहरु



नेपाल सरकारले आर्थिक बर्ष २०७२/७३ मा मत्स्य क्षेत्रको लागि रु. ५६ करोड ५२ लाख १३ हजारको बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । मध्यपहाडि जिल्लाहरुमा क्षेत्रबिस्तार, सहभागितात्मक ट्राउट विकास कार्यक्रम, मत्स्य बिज उत्पादन, प्रबिधि परिमार्जन, जैविक बिबिधता संरक्षण, जनचेतना विकास जस्ता महत्वपूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिनुको साथै चालु आर्थिक वर्ष देखि बिशेष मत्स्य उत्पादन कार्यक्रम संचालन गरिन लागिएको छ । यस कार्यक्रम अन्तरगत १००० हे. नयाँ पोखरी निर्माण गर्ने लक्ष राखिएको छ । पोखरी निर्माणको लागि बिधमान नर्म्स अपर्याप्त भैरहेको भन्ने कृषकको गुनासोलाई समेत सम्बोधन गर्दै अनुदान रकम रु. १ लाख प्रति हेक्टरबाट रु. ३ लाख प्रति हेक्टर मा बृद्धि गरिएको छ । जसले पोखरी निर्माणको करिब ५० प्रतिशत लागत ओगट्ने बिश्वास लिईएको छ । यस कार्यक्रमले कृषकहरुलाई निकै उत्साहित बनाएकोले देशको कुल मत्स्य उत्पादनमा उल्लेख्य बृद्धि भई रोजगारी श्रृजना हुनुको साथै पोषण सुरक्षामा समेत टेवा पुग्न जाने छ । यस कार्यक्रमको नेतृत्व मत्स्य बिकास निर्देशनालयले गर्ने र मत्स्य बिकास केन्द्र तथा जिल्ला कृषि विकास कार्यालयहरुको समन्वयकारि भुमिका रहने छ ।

## सेवानिबृत कर्मचारी





नेपालको मत्स्य बिकासमा लामो समय कामगरी सेवानिबृत हुनुभएका पूर्व कार्यक्रम निर्देशक श्री राजेन्द्र कुमार के.सी., वरिष्ठ मत्स्य विकास अधिकृत श्री राम प्रसाद पन्त र श्री बिष्णु देव यादवलाई उहाँहरुले पुऱ्याएको योगदानको कदर गर्दै नेपाल मत्स्य समाज हार्दिक धन्यबाद दिन चाहन्छ । निजहरुको सेवानिबृत जीवन सुखमयहोस भन्ने हार्दिक सुभेच्छा समेत व्यक्त गर्दछौं ।

## मत्स्य ह्याचरी छनौट

गुणस्तर मत्स्य भुरा उत्पादनका लागि मत्स्य बिकास निर्देशनालय, मत्स्य अनुसन्धान महाशाखा तथा सामर्थको टोलिद्वारा सामुहिक ह्याचरी अनुगमन गरियो । यस अनुगमन कार्यक्रममा मत्स्य बिकास निर्देशनालयको तर्फबाट प्रबेश सिंह कुवर, मत्स्य अनुसन्धान महाशाखाबाट नीता प्रधान र सामर्थबाट बिपश्वि तुलाधरको सहभागिता रहेको थियो । अनुगमन गरिएका ह्याचरीहरु मध्येबाट उत्कृष्ट छनौट भएकालाई Nucleas Breeding Centre मा राखिएका Pure line का भुराहरु ट्यागिङ गरि बितरण गरिने कार्यत्र,म रहेको छ । यी माछाहरुबाट भबिष्यका माउ तयार गरि भुरा उत्पादन गर्दा माछाको मृत्यदर घट्नुको साथै बृद्धि पनि राम्रो हुन गई कृषकलाई लाभ हुने देखिन्छ ।

# ईन्दिरा भुसाल स्मृति पुरस्कार

नेपाल फिसरिज सोसाईटिले श्री ईन्दिरा भुसाल स्मृति पुरस्कार २०७२ ट्राउट माछा व्यवसायी श्री केशव राज गुणीलाई प्रदान गर्ने निर्णय गरेको छ ।

२०१८ सालमा नुवाकोट जिल्लाको सुनखानि गा.बि.स. मा जन्मीनुभएका गुणीले २०६२/६३ साल देखिनै माछा पालन गर्दै आउनुभएको छ । हिमालयन रेन्बो ट्राउट सुनखानि प्रा.लि. र नेपाल फिस हाउस मार्फत उहाँले व्यवसाय संचालन गर्दै आउनु भएको छ । हिमालयन रेन्बो ट्राउट सुनखानि प्रा.लि ले खानेमाछा, भुरा उत्पादन एवं बितरण गर्ने गरेको छ भने बालाजु माछा पोखरीमा अवस्थित नेपाल फिस हाउसले खाने माछा संकलन एवं बिक्री बितरण गर्ने गरेको छ । नेपाल सरकारले अंगिकार गरेको Public Private Partnership अर्न्तगत केन्द्रीय मत्स्य परिसर भित्र दाना उद्योग समेत संचालन गर्दै आउनु भएका केशव राज गुणीले नेपालमा ट्राउट माछाको विकासमा उल्लेख्य योगदान पुऱ्याउनु भएको छ । निजले बार्षिक रुपमा ८ देखि १० लाख माछा भुरा, ७ देखि ८ टन खाने माछा, १०० देखि १२० टन दाना उत्पादन गर्नुका साथै नेपाल फिस हाउस मार्फत १५ देखि १८ टन माछा बिक्रि गर्दै आउनु भएको छ । उहाँको उत्पादन (दाना, भुरा) नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा, काभ्रे, ललितपुर, धादिङ्ग, मकवानपुर, कास्की, मनाङ, मुस्ताङ आदि जिल्लाहरुमा जाने गरेको छ ।श्री केशव राज गुणीले संचालन गरेको व्यवसायमा २६ जना व्यक्तिले प्रतक्ष्य रोजगारि प्राप्त गरेका छन् । निजले मत्स्य विकासमा पुऱ्याएको योगदानको कदर स्वरुप श्री ईन्दिरा भुसाल स्मृति पुरस्कार २०७२ प्रदान गर्दै उत्तरोत्तर प्रगतिको कामना सहित भविष्यमा समेत यस क्षेत्रको बिवकासमा यहाँको सहयोग प्राप्त भैरहने अपेक्षा हामीले गरको छौं । वहाँलाई आउँदो साधारण सभामा उक्त पुस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेकोछ ।

## प्रथम राष्ट्रिय सम्मेलन तथा दोश्रो राष्ट्रिय मत्स्य महोत्सव

नेपाल मत्स्य समाज (NEFIS) तथा नेपाल मत्स्य व्यवसायी संघ (FAN) को संयुक्त आयोजनामा मिति २०७१ माघ १६ देखि १८ गतेसम्म नयाँ बानेश्वर, काठमाण्डौमा "मत्स्य पालनको विकास, समृद्ध राष्ट्रको आधार" मुल नाराका साथ मत्स्य उद्यमलाई लगानी मैत्री उद्योगको रुपमा विकास गर्ने उद्देश्यले नेपाल मत्स्य समाजको राष्ट्रिय सम्मेलन तथा दोश्रो राष्ट्रिय मत्स्य महोत्सव सप्पन्न गरियो । राष्ट्रिय सम्मेलनको उदघाटन कार्यक्रमका प्रमुख अतिथि माननिय गगन थापाज्यूले गर्नु भएको थियो । उक्त ३ दिने राष्ट्रिय मत्स्य सम्मेलन तथा मत्स्य महोत्सवमा मत्स्य अनुसन्धान, विकास तथा शिक्षा सम्बन्धी विविध कार्यक्रम संचालन गरिएको थियो ।

## मत्स्य सम्मेलन तथा महोत्सवका आकर्षणहरु:

- मत्स्य पालन एवं व्यवस्थापनका उदाउँदा आयाम र यसका चुनौतीहरु सम्बन्धी कार्यपत्र प्रस्तुति, छलफल तथा निष्कर्ष
- मत्स्य पालनका विविध तरिका/प्रविधि प्रदर्शनी, एवं जानकारी/सूचना प्रवाह
- मत्स्य पालनका सामग्रीहरु- प्लाष्टिक पोखरी, एक्वारियम तथा रंगीन माछाहरु, दाना, औषधी, औजार, उपकरण आदि प्रदर्शनी,
- मत्स्य विकास, अनुसन्धान, शिक्षा, विज्ञान तथा प्रविधि सम्बन्धी मनोरन्जनात्मक एवं ज्ञानवर्द्धक प्रदर्शनी,
- माछाका विभिन्न परिकार बनाउने तरिका प्रदर्शनी,
- जिउँदो तथा ताजा माछाहरु सुपथ मुल्यमा बिक्री,
- अन्तरक्रिया कार्यक्रम

## मुख्य कार्यक्रम:

प्रथम दिन: मत्स्य सम्मेलन तथा महोत्सवको उद्घाटन, प्रदर्शनी, जानकारी/सूचना प्रवाह

दोश्रो दिन: प्रदर्शनी, जानकारी/सूचना प्रवाह

तेश्रो दिन: पुरस्कार तथा प्रमाणपत्र वितरण एवं समापन

## नेपाल फिसरिज सोसाईटिमा नयाँ नेतृत्व

२०७१ माघ १७ गते नयां बानेश्वर, काठमाण्डौमा सम्पन्न साधारण सभाले मत्स्य बिकास निर्देशनालयका कार्यक्रम निर्देशक श्री रमानन्द मिश्रज्यूको नेतृत्वमा ३ बर्षे कार्यकालका लागि तपसिल बमोनिमको नयाँ कार्यसमिति चयन गरेको छ ।

## कार्यसमिति का पदाधिकारीहरु

अध्यक्ष : श्री रमानन्द मिश्र
उपाध्यक्ष : श्री सुरेश कुमार वाग्ले
महासचिव : श्री युगल किशोर तिवारी
सचिव : श्री प्रवेश सिंह कुंवर
कोषाध्यक्ष : श्री सुमित्रा लौडारी
सदस्य : श्री अग्नी प्रसाद नेपाल
सदस्य : श्री पुर्ण ढुङ्गाना
सदस्य : डा. अर्चना प्रसाद
सदस्य : श्री दिलिप कुमार भ्हा
सदस्य : श्री नारायण पण्डित
सदस्य : श्री अभिलासा भ्हा




## मालुङ्गे सहर (*Tor tor*) माछा भुरा प्रथम पटक काली गण्डकी नदीमा छोडियो ।



नेपालमा पाईने स्थानीय जातका माछाहरु मध्ये हाल एक मात्र लोकोन्मुख (*Endangered species*) भएको मालुङ्गे सहर (*Tor tor*) माछाको प्रथम पटक काली गण्डकी मत्स्य ह्याचरी, बेल्टारी, स्याङ्जामा सफल प्रजजन् भई उत्पादित भएका माछा भुरा मध्ये सरदर ५ ग्राम साईजका १ बर्षे माछा भुरा १,००० गोटा नेपाल कृषि अनुसन्धान परिषद्का पशु तथा मत्स्य निर्देशक डा. चेत राज उप्रेतीज्यूबाट मिति २०७२।०७।१९ मा काली गण्डकी नदी तथा आँधी खोलाको संगम स्थल मिर्मी रिजरभ्वायरमा प्रथम पटक छोड्ने कार्य भएको थियो । यसरी सोहि अवसरमा काली गण्डकी "ए" जल बिद्युत केन्द्र तथा काली भञ्जन गणका पदाधिकारीज्यूहरुका साथै स्थानीय जनसमुदायले समेत उक्त माछा भुरा छोड्ने कार्यमा सहभागिता जनाउनु भएको थियो । उक्त अवसरमा १,८४,५०० गोटा माछा भुरा काली गण्डकी नदीमा छोडि यस आ. ब. २०७२।७३ मा हालसम्म मालुङ्गे सहर (*Tor tor*) १००० गोटा, सुनौलो सहर (*Tor putitora*) ५०० गोटा, गर्दि (*Labeo dero*) २,८२००० गोटा, हाडे (*Labeo pangusia*) २,७३००० गोटा, थेड (*Tor angra*) २,४६,००० गोटा गरी जम्मा ८,०२,५०० माछा भुरा छाड्ने कार्य भई ह्याचरीको लक्ष बमोजिम सत प्रतिशत प्रगति हासिल भएको बारेमा ह्याचरीका संयोजक डा. अरुण प्रसाद बैद्यले जानकारी गराउनु भयो ।



# व्यक्ति एवं व्यक्तित्व परिचय



## श्री शुक्र कुमार प्रधान

तनहुँ जिल्लाको बन्दिपुर बजारमा बि..सं. २००५ मा जन्म भई २०२८ सालदेखि सहायक मत्स्य विकास अधिकृतको रुपमा सरकारी सेवामा प्रवेश गरि मत्स्य विशेषज्ञको रुपमा दक्षता हाशिल गर्नु भएका श्री शुक्र कुमार प्रधानज्यूको संक्षिप्त व्यतित्व परिचय

### स्वदेशमा सरकारी सेवा

बि. सं. २०२८ २०४२ सहायक मत्स्य विकास अधिकृत, विभिन्न मत्स्य विकास केन्द्रहरु, भण्डारा, हेटौंडा, परवानीपुर, बालाजु
बि. सं. २०४३२०५२ मत्स्य मत्स्य विकास महाशाखा, हरिहर भवन, ललितपुर, मत्स्य विकास केन्द्र, जनकपुर र दोश्रो मत्स्य विकास आयोजना बालाजुको आयोजना प्रमुख
बि. सं. २०५२२०५७ प्रमुख, जिल्ला कृषि विकास कार्यालय, नवलपरासी
बि. सं. २०५७२०५९ प्रमुख, कृषि सूचना तथा सञ्चार महाशाखा, कृषि मन्त्रालय
बि. सं. २०५९२०६० उप-महानिर्देशक (रा.प.प्र.प्रा.) योजना महाशाखा, कृषि विभाग
बि. सं. २०६०२०६३ कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय

### बैदेशिक तालिम

सन् १९८७ चीनमा एकिकृत मत्स्य पालन विषयक तालिम
सन १९८८ फिलिपिन्समा Teaching strategies for adult learners
सन १९९४ बंगलादेशमा Statistical Methods for Aquaculture Research

### वैदेशिक भ्रमण

सरकारी भ्रमण, अध्ययन, तालिम, गोष्ठी, सेमिनार, अवलोकन भ्रमणको सिलसिलामा विभिन्न मुलुकहरु – भारत, चिन, थाइल्याण्ड, सिंगापुर, बंगलादेश, नर्वे, इटाली, बेलायत, इरान, हङकङ्, कम्बोडिया, भियतनामको भ्रमण गर्ने अवसर प्राप्त भएको ।

### अन्य सेवामा संलग्नता

१. Network of Aquaculture Centres in Asia Pasacific (NACA), Bangkok - को Technical Advisory Committee (TAC) को Nepal को तर्फबाट Member भै काम गरेको ।
२. नेपाल सरकारको तर्फबाट NACA, Bangkok को Governing Council को Board of Directors मा Member भै काम गरेको ।
३. निवृत्तिभरण पछि – २०६४ साल देखि २०६७ सालसम्म प्रधान सेवा समाज, चितवनको संस्थापक अध्यक्ष भै कार्य गरेको ।
४. रामेश्वर सामुदायिक पुस्तकालय, क्षेत्रपुर, भरतपुर नगरपालिका वार्ड नं.२, चितवनको सूचना तथा सञ्चार शाखाको सल्लाहकार ।
५. राष्ट्रिय प्राथमिक विद्यालय, नारायणी किनार, नारायणगढ, चितवनको प्रमुख सल्लाहकार ।
६. सुइरो कार्यक्रम, नारायणगढको सल्लाहकार ।
७. सरकारी नोकरीको सिलसिलामा अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसंग मिलेर नेपालको तर्फबाट विशेषज्ञ भै काम गरेको - UNDP/FAO/JICA/DANIDA/AusAid/NACA/World Bank/IFAD/Asian Development Bank आदि ।

**मानपदवी :** सुप्रबल गोरखा दक्षिणबाहु (२०५५ साल पौष १ गते), दिर्घ सेवा पदक, शुभ राज्यभिषेक पदक

### प्रशंसा पत्रहरु :

१. कृषि मन्त्रालयका माननिय कृषि मन्त्री तथा कृषि सचिवज्यूबाट उल्लेखनिय काम गरे वापत प्रशंसापत्र प्राप्त ।
२. नेपालका लागि अमेरीकी राजदुत श्रीमती जुलिया चाङबाट मत्स्य विकास कार्यक्रममा उल्लेखनीय योगदान गरे वापत प्रशंसापत्र प्राप्त ।
३. विभिन्न गा.वि.स. कार्यालयहरुबाट प्रशंसापत्र प्राप्त ।

### प्रकाशित लेख रचनाहरु

गोरखापत्र (दैनिक), कृषि पत्रिकाहरु र अन्य केहि विशेषाङ्कहरुमा मत्स्य पालन र कृषि विकास सम्बन्धी लेखहरु प्रकाशित भएको ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालयको मुख्य मत्स्य कार्यक्रमहरु

## अध्ययन अध्यापन तर्फ

- चार बर्षे वि.एस्सी.एजी. मत्स्य कार्यक्रमको दोस्रो वर्षमा १५ जना विद्यार्थी भर्ना लिईयो ।
- २ बर्षे स्नाकोत्तर मत्स्य कार्यक्रमको दोस्रो वर्षमा ५ जना विद्यार्थी भर्ना लिईयो
- विद्यावारिधी अन्तर्गत नयाँ र पुराना गरी ४ जना विद्यार्थी अध्ययनरत हुनुहुन्छ ।
- वि.स.२०७१ मा चाईनाको संघाई ओसीयन युनिभर्सिटीबाट श्री नारायण प्रसाद पण्डितले Identification Characterization and Expression Analysis of five Immune genes within the TNF and IL Superfamilies in grass carp मा विद्यावारिधी गरी यस मत्स्य विभागमा उप,प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।
- वि.स.२०७२ मा Asian Institute of Technology बाट श्री दिलीप कुमार झा ले Fish seed health management in Nepal in potential role of probiotics मा विद्यावारिधी गरी यस मत्स्य विभागमा सह-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

## निर्माण कार्य तर्फ

- रामपुरको मत्स्य विभाग जाने वाटोमा पर्ने घोल क्षेत्रमा रिर्जभम्वायर निर्माण कार्य अन्तिम अवस्थामा पुगेको छ ।
- रिर्जभम्वायर निर्माण कार्यले स्थानीय माछाको संरक्षण तथा संवर्द्धन कार्यमा सहयोग पुग्नुको साथै विद्यार्थीको पठन पाठन कार्यक्रममा पनि सहयोग पुग्ने छ ।
- पूर्व उप-कुलपति प्रा.डा. कैलाशनाथ प्याकुर्‍यालबाट मत्स्य भवन निर्माण कार्यको शिलान्यास भई निर्माण कार्य सुचारु रुपमा भैरहेको अवस्था छ ।

## सहयोग तर्फ

- 'Twinning support to Woman Fish Farmers' Cooperatives in Nepal' प्रोजेक्टद्धारा भुकम्प पिडित महिला माछा पालक कृषकहरुलाई पुन निर्माणमा सहयोग
- 'Twinning support to Woman Fish Farmers' Cooperatives in Nepal' प्रोजेक्टले चितवनका दुई महिला कृषकहरु -कोपिला दराई, खरखुट्टे र विजया चौधरी भभ्कुई र मकवानपुरका दुई महिला माछा पालक कृषकहरु दुर्गा देवकोटा, हाडीखोला र गीता खड्का, हाडीखोलालाई गत भुकम्पबाट भत्किएको घरहरु पुन निर्माण गर्नमा सहयोग गरिएको छ ।

## अवलोकन भ्रमण

- April 20-29,2015 मा Auburn University, Alabama, USA का Prof. David B. Rouse, Emeritus Professor of Aquaculture, Fisheries and Aquatic Science तथा सोही University को David J. Cline, Associate Professor, Extention Aquaculturist बाट कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत स्नातक तह तथा स्नाकोत्तर तहमा संचालित मत्स्य पाठ्यक्रमको अवलोकन गरी सुधारको लागि राय दिनु भएको थियो ।
- May 3,2015 मा AIT Thailand का Associate Prof. Dr. R.C. Bhujel बाट कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पशु विज्ञान, पशु चिकित्सामा र मत्स्य विज्ञान संकायमा Tilapia र Pangasius को Culture and Management सम्वन्धि गोष्ठि संचालन गरिएको थियो

## Book and Journal Donation

- गत वर्ष भाद्र २०७१ मा नेपालका ऐतिहासिक मत्स्य विज्ञान विज्ञ तथा प्राज्ञ श्री कृष्ण गोपाल राजवंशीज्यूले आफ्नो जीवनकालमा संकलन गर्नु भएको सम्पूर्ण अमुल्य पुस्तक, पुस्तिका, पत्रिकाहरु कृषि तथा वन विज्ञान विश्वविद्यालयका उप कुलपतिज्यूलाई उचित सदुपयोग तथा संरक्षणको लागि मत्स्य विज्ञान विभागको पुस्तकालयलाई हस्तान्तरण गर्नु भएको छ । उहाँको यस प्रसंसनीय कार्य जसले मत्स्य विज्ञान क्षेत्रमा अध्ययन अध्यापनको लागी पुर्‍याएको योगदानको लागि मत्स्य विज्ञान विभाग तथा नेपाल मत्स्य समाज (NEFIS) आभार प्रकट गर्दछ ।
- यसै गरी यही श्रावण २०७२ मा मत्स्य विज्ञान विज्ञ श्री भरत प्रसाद शर्माज्यूले पनि आफ्नो जीवनकालमा संकलन गर्नु भएको सम्पूर्ण अमुल्य पुस्तक, पुस्तिका, पत्रिकाहरु कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्रा.डा. माधव कुमार श्रेष्ठज्यूलाई उचित सदुपयोग तथा संरक्षणको लागि मत्स्य विज्ञान विभागको पुस्तकालयलाई हस्तान्तरण गर्नु भएको छ । उहाँको यस प्रसंसनीय कार्यको लागि मत्स्य विज्ञान विभाग तथा नेपाल मत्स्य समाज (NEFIS) आभार प्रकट गर्दछ ।

## Outcome of Research

- कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत रहेको मत्स्य विज्ञान विभागमा स्नातकोत्तर तहमा अध्ययनरत छात्र शुभाष कुमार झाको प्रयासले रामपुर चितवनमा फागुन, चैत्र महिनामा सहर माछाको सफल प्रजनन भएको छ ।





## Research supported by University of Michigan, USA

1. Reproduction and seed production of Sahar (*Tor putitora*) in Chitwan, Nepal.
2. Production of periphyton to enhance yield in polyculture ponds with carps and Small indigenous species.
3. Household fish ponds in Nepal : their impact on fish consumption and health of women and children; and their constraints determined by value chain analysis.
4. Introduction of two small indigenous species to improve sustainability in typical polyculture systems in Nepal.
5. Demonstrating the value of tilapia and sahar production in polyculture ponds using government farm and on-farm trials.
6. Establishing school ponds for fish farming and education to improve health and nutrition of women and children in rural Nepal.

## Research Supported by Ministry of Foreign Affairs of Finland

1. Potential of substrate based Carp-Sis polyculture in Chitwan, Nepal.

## मत्स्य स्वास्थ्य घुम्ति शिविर



केन्द्रीय मत्स्य प्रयोगशालाको आर्थिक वर्ष २०७२/७३ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७२/९/१० गते देखि तिन दिने मत्स्य स्वास्थ्य घुम्ति शिविर धादिङ्ग जिल्लामा सम्पन्न भयो । जिल्लाका बिभिन्न स्थानहरुमा अवस्थित माछा पोखरिमा गई पानीको गुणस्तर जाँच गर्ने कार्य प्रयोगशालाका प्राविधिकहरुले गरे । शिविर समापन कार्यक्रम पौष १२ गते जिल्ला कृषि विकास कार्यालयका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत श्री महेन्द्र कौडेलज्यूको अध्यक्षता तथा मत्स्य विकास निर्देशनालयका कार्यक्रम निर्देशक श्री रमानन्द मिश्रज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । सो कार्यक्रममा केन्द्रीय मत्स्य प्रयोगशालाका प्रमुख श्री नारायण गिरिले मत्स्य शिविरको बिश्लेषणात्मक प्रतिवेदन प्रस्तुत गर्नुभयो । सो कार्यक्रममा सहभागि कषाकहरु संग अर्न्तकृया समेत गरियो । कृषाकहरुले उठाएका प्रश्नहरुको जवाफ कार्यक्रम निर्देशक श्री रमानन्द मिश्र, वरिष्ठ कृषि विकास अधिकृत श्री महेन्द्र कौडेल र प्रयोगशालाका प्रमुख श्री नारायण गिरिले दिनु भएको थियो ।




अहिले सम्म कै सबैभन्दा पुरानो बल्छी ४२,००० बर्ष पुरानो भेटिएका छ ।

## सफलताको कथा

# सफल मत्स्य कृषक श्री केशव राज गुणी

बिक्रम सम्बत २०१८ सालमा माता श्री बेदमायाँ गुणी तथा पिता श्री भुमराज गुणीका कोखबाट सुनखानी-९, नुवाकोट जिल्लामा जन्मनु भएका श्री केशव राज गुणीले शान्ती बिद्या गृह, काठमाडौंबाट एस. एल. सी. उर्तिण गर्नु भएको छ । आर्थिक बर्ष २०६२।६३ मा २०० बर्ग मीटर रेसवे तयार गरी रेन्वो ट्राउट माछा पालन गर्न शुरुवात गर्नु भई हाल वहाँले ८०० बर्ग मीटर रेसवेबाट बार्षिक ७ देखि ८ मे.टन ट्राउट माछा उत्पादन तथा वितरण गर्दै आउनु भएको छ ।

आर्थिक बर्ष २०६४।६५ देखि रेन्वो ट्राउट माछाको मत्स्य विज उत्पादन गरी नेपालका विभिन्न पहाडी जिल्लाहरुमा बार्षिक ९ लाख फ्राई वितरण गर्दै आउनु भएको छ । त्यसैगरी सोही आर्थिक बर्षमा केन्द्रीय मत्स्य भवन परिसरमा PPP को अबधारणा अनुरुप वहाँ सम्बद्ध हिमालयन रेन्वो ट्राउट सुनखानी प्रा.लि.ले बार्षिक १२० मे.टन पेलेट दाना उत्पादन गरी ट्राउट पालन गर्ने कृषकहरुलाई विक्री वितरण गर्दै आउनु भएको छ भने तरकारी तथा फलफूल बजार, बालाजु भित्र नेपाल ट्राउट फिस हाउसको माध्यमबाट उपभोक्ताहरुलाई सहज रुपमा रेन्वो ट्राउट माछा उपलब्ध गराउदै आउनु भएको छ । हाल समग्रमा २७ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गराउँदै आउनु भएको छ भने निकट भविष्यमा नेपालको अन्य जिल्लामा पनि माछा भुरा उत्पादन गर्ने सोंच राख्नु भएका हिमालयन रेन्वो ट्राउट सुनखानी प्रा.लि.का प्रोपाईटर श्री केशव राज गुणीको सोच रहेको छ ।

यस न्यूजलेटरमा प्रकाशनार्थ लेख, रचना तथा सफलताका कथाहरु पठाई सहयोग गरिदिनुहुन तथा प्रकाशनका बारेमा सल्लाह, सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

लेख, रचना र अन्य सामाग्री प्रकाशन, सुझाव आदिको लागी सम्पर्क :
ई मेल : pradhannita@yahoo.com, prabeshkunwar@yahoo.com
फोन : 9841455083, 9851038987

पोस्ट मेल ठेगाना

टिकट

नेपाल फिसरिज सोसाईटी
प्रधान कार्यालय
केन्द्रीय मत्स्य भवन, काठमाण्डौं
ईमेल: nefis_2052@yahoo.com
फोन : ४३८५६४६

श्री ......................................................................

..................................................................

Printing & Designing : Graphic Design & Printing Support